आज मिती २०८२ बैशाख १४ गते आईबारका दिन यस नगरपालिकाका नगर प्रमुख श्री पदम बहादुर बोहरा ज्युको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितीमा नगर कार्यपालिका आर्थिक वर्ष २०८१/८२ को एघारौं बैठक बसी देहाय बमोजिमका निर्णयहरु गरीयो ।

## उपस्थिती

| सि.नं | नामथर | पद/दर्जा | कार्यालय/ठेगाना | मोबाईल नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | श्री पदम बहादुर बोहरा | नगर प्रमुख | मंगलसेन न.पा. | ९८६८५७३०५३ | |
| २ | श्री संगिता कुमारी रावल | नगर उपप्रमुख | मंगलसेन न.पा. | ९८६८५४४९०७ | |
| ३ | श्री लोकराज नाथ | वडा अध्यक्ष | मंगलसेन न.पा. १ | ९८५८४८२१०१ | |
| ४ | श्री देवेन्द्र ब. बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. २ | ९८५८४८२१०२ | |
| ५ | श्री बिर्ख बहादुर बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. ३ | ९८४८५२६७१० | |
| ६ | श्री नाम सिंह धामी | वडा अध्यक्ष | मंगलसेन न.पा. ४ | ९८४८६१५३८२ | |
| ७ | श्री झंकर प्रसाद भाट | वडा अध्यक्ष | मंगलसेन न.पा. ५ | ९८६८४१५६२४ | |
| ८ | श्री देवेन्द्र प्रसाद भण्डारी | वडा अध्यक्ष | मंगलसेन न.पा. ६ | ९८५८४८२१०६ | |
| ९ | श्री राज बहादुर शाही | वडा अध्यक्ष | मंगलसेन न.पा. ७ | ९८५८४८२१०७ | |
| १० | श्री ज्ञानेन्द्र ब. बोहरा | वडा अध्यक्ष | मंगलसेन न.पा. ८ | ९८६१५३१८४७ | |
| ११ | श्री पदम ब. बोहरा | वडा अध्यक्ष | मंगलसेन न.पा. ९ | ९८५८४८२१०९ | |
| १२ | श्री जनक ब. कुंवर | वडा अध्यक्ष | मंगलसेन न.पा. १० | ९८५८४८२११० | |
| १३ | श्री नर बहादुर भण्डारी | वडा अध्यक्ष | मंगलसेन न.पा. ११ | ९८६८४४८४४८ | |
| १४ | श्री खगेन्द्र ब. रावल | वडा अध्यक्ष | मंगलसेन न.पा. १२ | ९८५८४८२११२ | |
| १५ | श्री हिक्मत ब. बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. १३ | ९८४८४२९५२५ | |
| १६ | श्री शिव बहादुर सोडारी | वडा अध्यक्ष | मंगलसेन न.पा. १४ | ९८५८४८२११४ | |
| १७ | श्री रेखा रावल | का.पा.स. | म.न.पा. ९ | ९८६४३१६५६४ | |
| १८ | श्री कौशिला ठकुल्ला | सदस्य | म.न.पा. ५ | ९८४८०८३५६९ | |
| १९ | श्री हंश थापा | सदस्य | म.न.पा. १ | ९८४४१६६२१५ | |
| २० | श्री भाना विष्ट | सदस्य | म.न.पा. ३ | ९८४६६९५७०४ | |
| २१ | श्री मनसरा थ्याइत | सदस्य | म.न.पा. ७ | ९७४६५३२८५२ | |
| २२ | श्री प्रेम भुल | सदस्य | म.न.पा. ४ | ९८४८५५००१५ | |
| २३ | श्री मुगा परियार | सदस्य | म.न.पा. १२ | ९८४७५४३३२८ | |
| २४ | श्री गोविन्द वि.क. | सदस्य | म.न.पा. ११ | ९७४२३७८८७५ | |
| २५ | श्री गैहेन्द्र बहादुर डांगी | प्र.प्र.अ./सचिव | म.न.पा. | ९८५८४२९१११ | |
| २६ | नृप ब० आउजी | प्र.पा. अधिकृत | म.न.पा. | ९८६५६९१८७३ | |

निर्णय नं. १

चालु आर्थिक वर्ष २०८१।८२ को लागी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तरगत नगरपालिका र सुदुपश्चिम प्रदेश सरकार समपुरक अनुदानबाट मंगलसेन खेलमैदान पूर्वाधार निर्माण MM/ACH/NCB/W-05/2081/82 बोलपत्र रद्द गर्ने यस कार्यपालिकाको निर्णयका सम्बन्धमा श्री उच्च अदालत दिपायल, डोटीले रिट निवेदन नं. ०८१-WO-००३१ सम्बन्धमा छलफलका लागि तोकको पेशी तारेखमा उपस्थितिको लागि जारी गरिएको अल्पकालिन अन्तरिम आदेश बमोजिम नगरपालिककाको तर्फबाट मिति २०८२।०१।१६ गते छलफलमा सहभागि हुन एंव उक्त मुद्दाको प्रतिरक्षाको लागि नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु र कार्यपालिका सदस्यहरुको तर्फबाट कानूनी प्रतिनिधिमा अधिवक्ता श्री मुक्तिनाथ बोहरालाई नियुक्त गर्ने ।

निर्णय नं. २

चालु आर्थिक वर्ष २०८१।८२ को लागी स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तरगत नगरपालिका र संघिय सरकार सशर्त अनुदानबाट वडा नं १० आधारभुत स्वास्थ्य सेवाकेन्द्र निर्माण MM/ACH/NCB/W-08/2081/82 को लागी कुल लागत अनुमान रकम रु ४९,८४,८७२.४१ (भ्याट र पि.एस. सहित) तथा कवोल अङ्क रु ४८,८३,००९.३४ (भ्याट र पि.एस. सहित) भएकोमा सो बीच २.०४३ प्रतिशत मात्र कम भई रु १०१,८६३.१ मात्रले कम गरी बोलकवोल भई आउँदा पूर्ण प्रतिस्पर्धा भएको अवस्था नदेखिएको, आ.व. २०७९।८० को अन्तिम लेखापरीक्षण प्रतिवेदन दफा ७० मा महालेखापरीक्षकको कार्यालयबाट न्यून प्रतिस्पर्धा भई बोलपत्रदाताहरु आपसमा मिलेमतो हुन सक्ने संभावना देखिएको ठेक्का प्रक्रिया समयमै रद्द गरी खरिदलाई प्रतिस्पर्धा वनाउन पालिकाको ध्यान जानु पर्ने भनि औंल्याएको सैद्दान्तिक वेरुजुलाई मध्येनजर गर्दै प्रस्तुत बोलपत्र स्वीकृत गर्दा नगरपालिकाको अनुपेक्षित वढी वित्तिय भार वहन गर्नुपर्ने अवस्थालाई गम्भिरतापूर्वक मध्येनजर गरी नगरपालिका र नगरवासिको वित्तिय सुशासनको अपेक्षालाई सुदृढ गर्ने मार्गचित्रलाई हृदयगम गरी प्रस्तुत बोलपत्र रद्द गर्ने र सार्वजनिक खरिद ऐन, २०६३ दफा १४ उपदफा ४ (ख) बमोजिम तत्काल बोलपत्र आव्हान गर्ने र वडा नं १४ मालिकुलो सिँचाईकुलो निर्माण MM/ACH/NCB/W-08/2081/82 को लागी कुल लागत अनुमान रकम रु ३३,२६,३१०.७८ (भ्याट र पि.एस. सहित) तथा कवोल अङ्क रु २२,०२,९६३.४५ (भ्याट र पि.एस. सहित) भएकोमा सो बीच ३३.७७१ प्रतिशत मात्र कम भई रु ११,२३,३४७ मात्रले कम गरी बोलकवोल भई आएको साथै उक्त ठेक्कामा प्रतिस्पर्धा समेत भएको देखिन आएकोले सो ठेक्का स्वीकृत गर्ने ।

निर्णय नं. ३

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ दफा ६६अनुसार गठित स्रोत अनुमान तथा सिमा निर्धारण समिती द्वारा उपदफा (६) बमोजिम मिति २०८२।०१।१० गते प्रक्षेपण गरीएको आर्थिक वर्ष २०८२।८३ को बजेट उपदफा ७ बमोजिम विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउने।

निर्णय नं. ४

शैक्षिक सत्र २०८२ को लागी विद्यार्थि भर्ना अभियान लगायत पठनपाठन शिक्षक आन्दोलनको कारण सुरु समेत नभई बालबालिकाहरु शिक्षाबाट वञ्चित हुने अवस्था देखिएकोले वैशाख १५ गते देखी विद्यार्थि भर्ना तथा पठनपाठन सुरु गराउनको लागी सम्पूर्ण विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापन र शिक्षकलाई अनुरोध गर्ने।